"कृषि, पर्यटन, उर्जा र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार"

अन्नपूर्ण दर्पण २

स्थानीय तहको दोस्रो कार्यकालको दोस्रो वर्षका उपलब्धिहरू

प्रमुख संरक्षक

विष्णु बहादुर के.सी., अध्यक्ष

विशिष्ट संरक्षक

चन्द्रकला अधिकारी, उपाध्यक्ष

संरक्षक

विष्णु प्रसाद पोखरेल, प्रमुख प्रशासकीय अधिकृत

प्रकाशन समिति

संयोजक : भरतमान गुरुङ, प्रवक्ता

सदस्य : जीवनाथ पौडेल, वडा अध्यक्ष

सदस्य : तुलसी प्रसाद अधिकारी, वडा अध्यक्ष

सदस्य : पिताम्बर भण्डारी, वडा अध्यक्ष

सदस्य : पुष्पा पुन, कार्यपालिका सदस्य

सदस्य : बलराम भुगाइँ, शिक्षा अधिकृत

सदस्य : ठाकुर प्रसाद अधिकारी, अधिकृत

सदस्य : नारायण क्षेत्री, अधिकृत

सदस्य सचिव : विवेक घिमिरे, सूचना प्रविधि अधिकृत

सम्पादन सहयोगी

सरिता गौतम, लेखा अधिकृत

जुनु जिमी, कृषि अधिकृत

लक्ष्मण बस्ताकोटी, अधिकृत

ऋषिराम पौडेल, स्वास्थ्य संयोजक

शैलैन्द्र क्षेत्री, इन्जिनियर

ऋषिराम दाहाल, पशु विकास अधिकृत

सरोज कुँवर, कृषि स्नातक

शान्ति कार्की, रोजगार संयोजक

निर्मला कुँवर, स.म.वि.नि

पिताम्बर सुवेदी, कम्प्युटर अपरेटर

जगन्नाथ भण्डारी, एम.आई.एस. अपरेटर

बुलन्द बहादुर भण्डारी, सहायक चौथो

प्रकाशक

अन्नपूर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, माछापोखरी, कास्की

www.annapurnamunkaski.gov.np| Email: apgaupalika@gmail.com, info@annapurnamunkaski.vov.np



राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भै फैलिएका मेची-महाकाली ।
प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल ।
ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति, भाषा, धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।

रचनाकारः प्रदीपकुमार राई (व्याकुल माइला)

सङ्गीतकारः स्व. अम्बर गुरुङ

अध्यक्षको मन्तव्य

अन्नपूर्णबासी सम्पूर्ण बुवाआमा, दाजुभा, दिदीबहिनीहरूमा हार्दिक नमस्कार !

नेपालको संविधान २०७२ बमोजिम कार्यान्वयनमा आएको संघीय शासन प्रणाली अनुसार गठित तीन तहको सरकार अन्तर्गत स्थानीय तहको निर्वाचन २०७९ वैशाख ३० गते सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरूको कार्यकालको दोस्रो वर्ष पुरा भएको छ। हाम्रो कार्यकालको दोस्रो वर्ष पुरा हुन गइरहेको सन्दर्भमा सामाजिक परीक्षण स्वरूप गाउँपालिकाबाट दोस्रो वर्षमा सम्पन्न भएका प्रगति विवरणहरू उल्लेख गरी **अन्नपूर्ण दर्पण २** प्रकाशन गर्ने प्रयास गरेका छौँ। लोकतन्त्रको मुख्य आधार भनेको नागरिक पारदर्शिता र जवाफदेहिता हो। यस दर्पणले गाउँपालिकाको सर्वाङ्गीण विकासका उपलब्धिहरूलाई नागरिक सामु पुर्याउनुका साथै बुझ्ने र बुझाउने महत्वपूर्ण अवसर प्रदान गर्नका साथै नागरिक पारदर्शिता सहित गाउँपालिकाका सेवाहरूलाई थप व्यवस्थित बनाउँदै नागरिक मैत्री सेवा प्रवाहमा थप मार्गनिर्देश गर्नेछ भन्ने विश्वास लिएका छौं। यस प्रकाशन मार्फत् हामी जनप्रतिनिधि निर्वाचित भए पश्चात् दोस्रो वर्षमा हामीले विभिन्न विषयगत क्षेत्रमा सम्पन्न गरेका कार्यहरूको लिपिबद्ध गर्ने प्रयास गरिएको छ।

निर्वाचनका अवधिमा यहाँहरू बिच हामीले सार्वजनिक गरेका प्रतिबद्धताहरू, यहाँहरूले दिनुभएका सुझावहरू हाम्रो योजना निर्माण र कार्यान्वयनका मार्गनिर्देशनलाई आधारका रुपमा ग्रहण गर्दै अघिल्लो एक वर्षको अनुभव समेतको आधारमा समृद्ध अन्नपूर्ण गाउँपालिका निर्माणको लागि हामी निरन्तर लागि परेका छौं। पूर्वाधार विकास, गुणस्तरीय शिक्षाका लागि शैक्षिक क्षेत्र सुधार, नागरिकको स्वास्थ्यको प्रत्याभूति स्वरूप स्वास्थ्य बिमा, सुशासनका लागि प्रशासनिक सुधार, विपद् व्यवस्थापन, महिला सशक्तिकरण, उत्पीडित समुदाय, आदिवासी, जनजाति, अपाङ्गता भएका नागरिक, कृषि, पर्यटन, उर्जा लगायतका क्षेत्रमा विशेष जोड दिदै टोलटोल र वडास्तरबाट योजना संकलन र छनौट गरी आवश्यकता र प्राथमिकताका आधारमा बजेट विनियोजन गरी कार्यान्वयन समेत भएको छ। विशेष गरी यस दोस्रो वर्षमा कृषि क्षेत्रको व्यवसायीकरण, एकीकृत पर्यटन सूचना केन्द्रको स्थापना, सडक क्षेत्रको बिस्तार र स्तरोन्नति भौतिक पूर्वाधार विकास, स्वास्थ्य बिमाको निरन्तरता, शैक्षिक सुधार, सुशासन र प्रबिधिमैत्री गाउँपालिका स्थापना र उद्यमशिलाता विकास मार्फत आयआर्जनका क्षेत्रमा बिशेष उपलब्धि हाँसिल भएका छन्।

गाउँपालिकाले दोस्रो वर्षमा ग्रामीण भेगका सडकहरूको सुधार र विस्तारमा विशेष ध्यान दिएको छ। प्रमुख ग्रामीण मार्गहरूको स्तरोन्नति, ढलान र चौडा गर्ने काम सम्पन्न भएको छ, जसले गर्दा यातायातमा सुधार आएको छ र जनताको दैनिकीमा सहजता प्राप्त भएको छ। गाउँपालिकाले विभिन्न खानेपानी आपूर्ति परियोजनाहरू पनि सफलतापूर्वक सम्पन्न गरेको छ। यस अन्तर्गत, खानेपानीका धारा र ट्याङ्कीहरूको निर्माण, पुराना पाइपलाइनहरूको मर्मत तथा नयाँ पाइपलाइनहरूको विस्तार गरी पानीको पहुँचलाई सुधार गरिएको छ। यसले गर्दा गाउँपालिकाका बासिन्दाहरूलाई सफा र सुरक्षित खानेपानीको सहज आपूर्ति सुनिश्चित भएको छ। दोस्रो वर्षमा हामिले आधुनिक कृषि प्रविधिहरूको प्रयोगमा जोड दिइ कृषकहरूको आयस्तर बढाउन विभिन्न पहलहरू गरेका छौं। यस अन्तर्गत, उन्नत बीउबिजन, सिंचाइ प्रणाली, बिभिन्न अनुदानका कार्यक्रम, जैविक मल प्रोत्साहन, र कृषकहरूलाई नियमित तालिम तथा प्राविधिक सहायता प्रदान गरेर उत्पादनशीलता र आयाम वृद्धि गराइएको छ। यसले गर्दा कृषकहरूको जीवनस्तरमा उल्लेखनीय सुधार भएको छ।

अन्त्यमा, हामी जनप्रतिनिधि निर्वाचित भइ कार्यभार ग्रहण गरेदेखि हालसम्म गाउँपालिकाको हरेक गतिबिधि र कार्यक्रममा सहभागिता साथै सल्लाह सुझाव प्रदान गरी साथ दिनुहुने आम जनसमुदाय, राजनैतिक दलहरू, सामाजिक एवम् बौद्धिक व्यक्तित्वहरू सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सकारात्मक सहयोगको अपेक्षा गर्दछौँ। त्यसैगरी यस **अन्नपूर्ण दर्पण २** प्रकाशन समितिमा बसेर भूमिका निर्वाह गर्नुहुने प्रकाशन समिति, गाउँपालिका परिवार, मुद्रणमा सहयोग पुऱ्याउने आदर्श अफ्सेट प्रिन्टर्स, बगरप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

विष्णु बहादुर के. सी.
अध्यक्ष

उपाध्यक्षको मन्तव्य

अन्नपूर्णबासी सम्पूर्ण बुवाआमा, दाजुभाइ, दिदी बहिनीहरूमा हार्दिक नमस्कार !

नेपालको संबिधान २०७२ बमोजिम कार्यान्वयनमा आएको संघीय शासन प्रणाली अनुसार गठित तीन तहको सरकार अन्तर्गत स्थानीय तहको निर्वाचन २०७९ वैशाख ३० गते सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरूको कार्यकालको दोस्रो वर्ष पुरा भएको छ । हामी निर्वाचित भए पछिको दोस्रो वर्षमा गाउँपालिकाबाट सम्पन्न भएका प्रगति विवरणहरू समावेश गरी **अन्नपूर्ण दर्पण २** प्रकाशन गर्ने प्रयास गरेका छौं ।

लोकतन्त्रको मुख्य आधार भनेको नागरिक पारदर्शिता र जवाफदेहिता हो । यस दर्पणले गाउँपालिकाको सर्वाङ्गीण विकासका उपलब्धिहरूलाई नागरिक समक्ष पुर्याउनुका साथै बुझ्ने र बुझाउने महत्वपूर्ण अवसर प्रदान गर्नका साथै नागरिक पारदर्शिता सहित गाउँपालिकाको सेवाहरूलाई थप व्यवस्थित बनाउँदै नागरिक मैत्री सेवा प्रवाहमा थप मार्गनिर्देश गर्नेछ भन्ने विश्वास लिएको छौँ।

सीमित स्रोत र साधनका वावजुत दोस्रो वर्षमा अन्नपूर्णवासीलाई स्थानीय सरकारको आभास दिलाउन हामीले गरेका प्रयासहरूलाई यस पुस्तकमार्फत् सार्वजनिक गर्न पाउँदा खुशी लागेको छ । योजनाको गुणस्तर कायम गर्नका लागि अनुगमन समितिको संयोजकको हैसियतमा होस् या न्यायिक समितिको संयोजकको हैसियतमा होस्, हामीले केही नयाँ अभ्यास शुरु गर्ने जमर्को गरेका छौं । त्यस्तै सामाजिक सशक्तिकरणको लागि प्राथमिकताका साथ जनताले अनुभूति गर्न सकिने गरी हामीले केही सुरुवात गरेका छौ भन्ने कुरामा विश्वस्त हुन आग्रह गर्दछौँ।

यस दर्पण प्रकाशन मार्फत हामी जनप्रतिनिधि निर्वाचित भए पश्चात् दोस्रो वर्षमा हामीले सम्पन्न गरेका भौतिक पूर्वाधार, सामाजिक, मानव संशाधन, महिला बालवालिका, उत्पीडित समुदाय, आदिबासी जनजाति, अपांगता भएका व्यक्ति, शिक्षा, स्वास्थ्य क्षेत्रमा गरिएका कार्यहरूको लिपिबद्ध गर्ने प्रयास गरिएको छ। समृद्ध अन्नपूर्ण निर्माणका लागि नागरिकहरूको अपेक्षा अनुसारका गतिबिधिहरू संचालन गर्दै आवश्यकता र प्राथमिकताका आधारमा व्यवस्थित योजना निर्माण र कार्यान्वयन गर्नुपर्दछ । नागरिकहरूको समेत सहभागिता र संलग्नतामा निर्माण गरिने योजनाहरूको कार्यान्वयनले मात्र अपेक्षित लक्ष्य, उद्देश्य र उपलब्धी हाँसिल गर्न सकिन्छ । यस दर्पणले गाउँपालिकाको सर्वाङ्गीण विकासका उपलब्धिहरूलाई नागरिक सामु पुर्याउनुका साथै बुझ्ने र बुझाउने महत्त्वपूर्ण अवसर प्रदान गर्नुका साथै नागरिक पारदर्शिता सहित गाउँपालिकाको सेवाहरूलाई थप व्यवस्थित बनाउँदै लैजाने कुरामा हामी दृढ छौं ।

अन्त्यमा, हामी जनप्रतिनिधि निर्वाचित भएर कार्यभार ग्रहण गरेपछि गाउँपालिकालाई नमुना पालिका बनाउने हाम्रो जमर्कोमा सल्लाह सुझाव प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सकारात्मक सहयोगको अपेक्षासहित **अन्नपूर्ण दर्पण २** प्रकाशनको लागि भूमिका निर्वाह गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

चन्द्रकला अधिकारी

उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

कृषि, पर्यटन, ऊर्जा, र पूर्वाधारलाई समृद्धिको आधार मान्दै वि सं २०७९ मा निर्वाचित जनप्रतिनिधिहरूको दोस्रो वर्षको सफल यात्रा सम्पन्न भएको छ। अन्नपूर्ण गाउँपालिकालाई विकास, समृद्धि, र सुशासनका दृष्टिकोणले देशकै नमूना गाउँपालिका बनाउने लक्ष्यका साथ गाउँपालिकाका अध्यक्षको नेतृत्वमा सम्पूर्ण जनप्रतिनिधिहरू एकताबद्ध भएर अगाडि बढिरहेका छन् भने उत्कृष्ट गाउँपालिका बनाउने अभियानमा सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरू संयुक्त रुपमा योजनाबद्ध भएर लागि परेको देखिन्छ।

दोस्रो वर्षको अन्त्यमा आइपुग्दा गाउँपालिकाले सेवा प्रवाह र प्रशासनिक कार्यमा उल्लेखनीय प्रगति गरेको छ। पहिलो वर्षको अनुभव, सीकाई र प्राप्त पृष्ठपोषण का आधारमा पहिलो वर्षका असल अभ्यासहरूलाई निरन्तरता दिंदै, सेवा प्रवाहलाई प्रविधिमैत्री र प्रभावकारी बनाइएको छ। सार्वजनिक प्रशासनमा मितव्ययिता, सदाचार, जवाफदेहिता, र उत्तरदायी बनाउने पहलले गाउँपालिकाको सेवा प्रणालीलाई थप सुधार गरेको छ।

डिजिटल प्रविधिको प्रयोग गरेर राजस्व, योजना, भुक्तानी प्रणाली, पञ्जीकरण लगायतका सेवाहरूलाई अझ प्रभावकारी बनाएको छ। सेवाग्राही सहायता कक्ष (Help Desk) लाई थप प्रभावकारी बनाउँदै, सेवा प्रबाहमा थप सरलता र सहजता भएको महसुस गराइएको छ। गाउँपालिकाले वडा नं ८ विरेठाँटीमा स्थापित पशु सेवा केन्द्र, कृषि सेवा केन्द्र, र पर्यटन सूचना केन्द्रलाई सबल बनाउँदै सेवा प्रवाहलाई विकेन्द्रित गरेको छ। गाउँपालिका केन्द्रबाट टाढा रहेका नागरिकलाई नजिकबाट सेवा दिनका लागि यी केन्द्रहरूलाई थप सक्षम र प्रविधिमैत्री बनाइएको छ।

गुनासो सुनुवाइ प्रक्रियालाई थप प्रभावकारी र सहज बनाउन QR कोडमार्फतको गुनासो दर्ता प्रणालीलाई आवस्यक सुधार गरि निरन्तरता दिइएको छ। सेवाग्राहीहरूले QR कोड स्क्यान गरी आफ्ना गुनासोहरू अनलाइन दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ, जसले गुनासोको शीघ्र समाधान र सेवा प्रवाहमा पारदर्शिता सुनिश्चित गरेको छ।

गाउँपालिकालाई नमूना पालिका बनाउने अभियानमा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरू र जनप्रतिनिधिहरू एकजुट भएर लागिपरेका छन्। जनप्रतिनिधिद्वारा जनतासमक्ष गरेका प्रतिबद्धताहरू पूरा गर्दै, नमूना गाउँपालिका बनाउने अभियानमा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरूको निरन्तर साथ र सहयोग रहेको थियो। गाउँपालिकालाई सफल बनाउन सबै पक्षको प्रयास, प्रतिबद्धता, साथ र सहयोगको आवश्यकता पर्दछ। तसर्थ, यस अभियानमा गाउँपालिकाभित्रका निर्वाचित जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, कर्मचारी, बौद्धिक वर्ग र नागरिकहरूको सदा झैं आगामी दिनमा पनि साथ र सहयोगको अपेक्षा गर्दछौं। दोस्रो वर्षमा सम्पादित समग्र कार्यहरूलाई समेटि प्रकाशन गर्न लागिएको **अन्नपूर्ण दर्पण २** पुस्तक प्रकाशनमा महत्वपूर्ण भूमिका खेल्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, कर्मचारी साथीहरूलाई हार्दिक धन्यवाद प्रकट गर्दछु।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

जनप्रतिनिधिहरुको विवरण

विष्णु बहादुर के.सी.
अध्यक्ष

चन्द्रकला अधिकारी
उपाध्यक्ष

तुलसी प्रसाद अधिकारी
वडा अध्यक्ष
वडा नं. १

पिताम्बर भण्डारी
वडा अध्यक्ष
वडा नं. २



फणिन्द्र प्रसाद पौडेल
वडा अध्यक्ष
वडा नं. ३

आइन्दल गुरुङ
वडा अध्यक्ष
वडा नं. ४

जीवनाथ पौडेल
वडा अध्यक्ष
वडा नं. ५

एकदेव देवकोटा
वडा अध्यक्ष
वडा नं. ६

भरत मान गुरुङ
वडा अध्यक्ष
वडा नं. ७

विजय गुरुङ
वडा अध्यक्ष
वडा नं. ८



रमेश गुरुङ
वडा अध्यक्ष
वडा नं. ९

गौतम गुरुङ
वडा अध्यक्ष
वडा नं. १०

हिम बहादुर गुरुङ
वडा अध्यक्ष
वडा नं. ११

नारायणी परियार
कार्यपालिका सदस्य

पार्वती पौडेल
कार्यपालिका सदस्य

सीमा क्षेत्री
कार्यपालिका सदस्य

पुष्पा पुन
कार्यपालिका सदस्य

चतुर्मान विश्वकर्मा
कार्यपालिका सदस्य

भुपाल घर्ती
कार्यपालिका सदस्य

खेम बहादुर कुँवर
वडा सदस्य
वडा नं. १

नरपति भण्डारी
वडा सदस्य
वडा नं. १

माया अधिकारी
वडा सदस्य
वडा नं. २

नौली सुनार
वडा सदस्य
वडा नं. २

डिल्लीराम भण्डारी
वडा सदस्य
वडा नं. २

भानुभक्त दाहाल
वडा सदस्य
वडा नं. २

दिल माया सुनार
वडा सदस्य
वडा नं. ३

अम्मर बहादुर के.सी
वडा सदस्य
वडा नं. ३

कृष्ण प्रसाद पौडेल
वडा सदस्य
वडा नं. ३

पशुपति के.सी.
वडा सदस्य
वडा नं. ४

लक्ष्मी बि.क.
वडा सदस्य
वडा नं. ४

विजय गुरुङ
वडा सदस्य
वडा नं. ४

मन बहादुर गुरुङ
वडा सदस्य
वडा नं. ४

सुमित्रा कुमारी थापा
वडा सदस्य
वडा नं. ५

वालिका सार्की
वडा सदस्य
वडा नं. ५

राम बहादुर बि.क.
वडा सदस्य
वडा नं. ५

राम बहादुर कामी
वडा सदस्य
वडा नं. ५

देवी कामी
वडा सदस्य
वडा नं. ६

निलकण्ठ जैसी
वडा सदस्य
वडा नं. ६

ढाटी गुरुङ
वडा सदस्य
वडा नं. ७

ताल कुमारी कामी
वडा सदस्य
वडा नं. ७

गौ प्रसाद गुरुङ
वडा सदस्य
वडा नं. ७

राम गुरुङ
वडा सदस्य
वडा नं. ७

धन कुमारी जैसी
वडा सदस्य
वडा नं. ८

गौमाया नेपाली
वडा सदस्य
वडा नं. ८

ज्ञान बहादुर क्षेत्री
वडा सदस्य
वडा नं. ८

प्रविन गुरुङ
वडा सदस्य
वडा नं. ८

लक्ष्मी बि.क.
वडा सदस्य
वडा नं. ५

खेम कुमारी पुन मगर
वडा सदस्य
वडा नं. ५

जुविन्द्र मगर
वडा सदस्य
वडा नं. ५

मनिसा बि.क.
वडा सदस्य
वडा नं. १०

रितु माया नेपाली
वडा सदस्य
वडा नं. १०

खिम प्रसाद नेपाली
वडा सदस्य
वडा नं. १०

डम्बर बहादुर घर्ती
वडा सदस्य
वडा नं. १०

राधा कुमारी गुरुङ
वडा सदस्य
वडा नं. ११

आस माया बि.क.
वडा सदस्य
वडा नं. ११

राम गुरुङ
वडा सदस्य
वडा नं. ११

जगन बहादुर गुरुङ
वडा सदस्य
वडा नं. ११

प्रकाशकीय

अन्नपूर्ण गाउँपालिका, कास्की नेपालमै एक महत्वपूर्ण पर्यटकीय गन्तव्यहरू मध्येको एक हो। यस गाउँपालिकाभित्र पर्यटनको प्रचुर सम्भावना रहेको छ। पर्यटनसँगै कृषि, उर्जा र पूर्वाधार निर्माण नै अन्नपूर्ण समृद्धिका प्रमुख आधार हुन्। हामी अन्नपूर्णबासी नागरिक हुनुमा गौरवको अनुभूति गरिरहेका छौं।

नेपालको संघीय शासन प्रणाली अन्तर्गत रहेका तीन तहका सरकारमध्ये स्थानीय सरकार नागरिकको प्रत्यक्ष सरोकार रहने सरकार हो। स्थानीय सरकार भनेको नागरिक अपनत्व महसुस हुने र हरेक आपत् विपद्, दुःख सुख र सर्वाङ्गीण विकाससँगै नागरिकले घरबाट निस्केपछि भेटिने नजिकको सरकार स्थानीय सरकार हो।

नयाँ संविधान जारी भएसँगै २०७४ र २०७९ मा सम्पन्न स्थानीय निर्वाचनबाट हामीले स्थानीय सरकारको प्रत्यक्ष अनुभूति गर्न पाएका छौ। गाउँपालिकाभित्रका सर्वांगीण विकास गतिविधिहरू के-के हुँदैछ भनेर बुझ्न पाउनु गाउँपालिकावासी हरेक नागरिकको अधिकार हो। हरेक नागरिकले सरकार र सरकारका गतिबिधिका बारेमा सुसूचित हुन पाउने सूचनाको हक एक महत्वपूर्ण पक्ष हो भने लोकतन्त्र र विकासको आधार पनि हो।

अन्नपूर्ण गाउँपालिकाले पालिकाभित्र गरेका पूर्वाधार विकास, नीतिगत निर्णयहरू, भौतिक सामाजिक विकास, मानव संसाधन विकास लगायतका विविध पक्षलाई अन्नपूर्ण दर्पणमार्फत् गाउँपालिकाबासी नागरिकहरूमा सम्प्रेषण गर्ने जमर्को गरेको छ। गाउँपालिकाको बारेमा बुझ्न चाहने जो कोहीलाई यो एउटा लिखित दस्तावेजले भोलिका दिनमा सन्दर्भ सामग्रीको रुपमा रहने अपेक्षा छ। यस अन्नपूर्ण दर्पण प्रकाशन मार्फत् २०७९ वैशाख ३० गतेको स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिबाट यो दोस्रो वर्षभित्र पालिकामा भएका मुख्य गतिविधिलाई समेटेर **अन्नपूर्ण दर्पण २** प्रकाशन गर्ने निर्णयलाई प्रकाशन समितिको तर्फबाट सहर्ष स्वीकार गरी जिम्मेवारी बहन गरेका छौँ। यस गाउँपालिका दर्पण प्रकाशनमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दै अध्ययन गरी सल्लाह सुझाव दिनुहुन सम्पूर्णमा हार्दिक आग्रह गर्दछौँ।

विषयसूची

गाउँपालिकाको संक्षिप्त परिचय	१
पारित कानुनहरू	३
कृषि	४
पशुसेवा	७
पर्यटन र प्रविधि	१३
प्रशासनिक सेवा	१६
क्षेत्रगत बजेट तथा खर्च	२४
स्वास्थ्य	२५
योजना	३०
सामाजिक सुरक्षा तथा पञ्जिकरण	३१
सुरक्षित आप्रवासन (सामी) कार्यक्रम	३२
पूर्वाधार	३३
शिक्षा यूवा तथा खेलकुद	३६
वातावरण, सरसफाई तथा विपद व्यवस्थापन	४२
न्यायिक समिति	४७
राजश्व	५०
रोजगार सेवा केन्द्र	५१
सहकारी	५३
महिला बालबालिका तथा ज्येष्ठ नागरिक	५४
गरिबी निवारण को लागि लघु उधम विकास कार्यक्रम (मेड्पा)	५८
अन्नपूर्ण गाउँपालिकाका जनप्रतिनिधिहरू विवरण	६०
विषयगत समितिको विवरण	६२
गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण २०८०	६५
वडा कार्यालयहरूमा कार्यरत वडा सचिव र कर्मचारीहरूको विवरण २०८०	६६
अन्नपूर्ण गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा कार्यरत कर्मचारीहरूको विवरण २०८१	६८
नागरिक वडापत्र	७४

गाउँपालिकाको संक्षिप्त परिचय

अन्नपूर्ण गाउँपालिका नेपालको प्रशासनिक विभाजनअनुसार कास्की जिल्ला गण्डकी प्रदेशमा पर्दछ । अन्नपूर्ण गाउँपालिका भौगोलिक हिसाबले ८३°४२'०"देखि ८३°५७'०" पूर्वी देशान्तरसम्म र २८°३६'४५" देखि २८°१५'१५" उत्तरी अक्षांश सम्म अवस्थित छ। ४१७.७४ वर्ग.कि.मि. क्षेत्रफल रहेको यस अन्नपूर्ण गाउँपालिकाको उत्तरमा मनाङ जिल्ला, पश्चिमतर्फ म्याग्दी जिल्ला, दक्षिणमा पर्वत जिल्ला र पोखरा महानगरपालिका र पूर्वमा माछापुच्छ्रे गाउँपालिका रहेका छन् । नेपाल सरकारको निर्णयानुसार मिति २०७३।११।२७ गते साविकका गाविसहरू घान्द्रुक, दाङसिङ, लुम्ले, सल्यान, भदौरे तामागी गा.वि.स.का १ र २ नं. वडा तथा ढिकुरपोखरी समावेश गरी ११ वडासहितको अन्नपूर्ण गाउँपालिका घोषणा गरिएको थियो। यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी १६ वटा मा.वि. र ४१ वटा आ.वि. गरी जम्मा ५७ वटा शिक्षण संस्थाहरू संचालित छन् जसमा २ वटा मा.वि. र ३ वटा आ.वि. मात्र संस्थागत रहेका छन् भने CTEVT अन्तर्गत अन्नपूर्ण बहुप्राविधिक शिक्षालय रहेको छ । अन्नपूर्ण गाउँपालिका विकासका प्रचुर सम्भावना बोकेको गाउँपालिकाको रुपमा रहेको छ।

भौगोलिक रूपमा विविधता भएको यस गाउँपालिकामा बहुजाति, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक अवस्था भएका व्यक्तिहरूको बसोबास रहेको छ। जनगणना २०७८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी ब्राम्हण जाति ५,९३० जना(२६.८ प्रतिशत), दोस्रोमा विश्वकर्मा ५,१६५ जना (२३.४ प्रतिशत) र तेस्रोमा गुरुङ ३,५९८ (१६.३ प्रतिशत) हरूको बसोबास रहेको छ। गाउँपालिकाको सहरी क्षेत्रको रुपमा विकसित भएका क्षेत्रहरूमा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक स्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन्। औषत पारिवारीक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य स्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो भने पर्यटन ठुलो सम्भावना बोकेको आर्थिक मेरुदण्ड हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जिवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागी विदेशिने क्रम बढिरहेको छ।

अधिकांश घरमा विद्युतीकरण भएको भए तापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशै, तिहार, तीज, कृष्णजन्माष्टमी, ल्होसार, बुद्धजयन्ती, ट्होंटे, फागुपूर्णिमा आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेका छन्।

जनसंख्या विवरण

कुनै पनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव स्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ ।

जनसंख्याको विवरण

विवरण	वि.स. २०७८
जम्मा जनसंख्या	२२,०९९
पुरुष	१०६८६(४८.४ प्रतिशत)
महिला	११४१३(५१.६ प्रतिशत)
लैङ्गिक दर (प्रति सय महिलामा पुरुषको संख्या)	९३.६३
जम्मा घरधुरी	६,०४९
औषत परिवार आकार	३.८८
६ वर्ष र सो भन्दा माथिको साक्षरता दर	७९.२%
जनघनत्व (प्रतिवर्ग कि.मि.)	५३

क्र.स.	समावेश गाविस	वडा नं.	जनसंख्या (पुरुष)	जनसंख्या (महिला)	क्षेत्रफल (वर्ग कि.मि.)
१	ढिकुरपोखरी(१-३)	१	१२८५	१३५०	६.७२
२	ढिकुरपोखरी(४,९)	२	८४२	८९४	२.८१
३	ढिकुरपोखरी (५-८)	३	१३७६	१५८३	१३.४८
४	भदौरेतमागी (१,२), सल्यान (१-४, ६-८)	४	९०८	१०२१	१०.५४
५	सल्यान (५,९)	५	११२०	१२४२	५.७३
६	लुम्ले (४,६)	६	१०१८	११२५	९
७	लुम्ले (१-३, ७-९)	७	८३९	८२९	४४.५६
८	दाङसिङ (१-६)	८	७६४	८६७	१२.८७
९	दाङसिङ (७-९)	९	४७२	५१३	२९.९३
१०	घान्द्रुक (१-५)	१०	१०८७	११३९	२०.३
११	घान्द्रुक (६-९)	११	९७५	८५०	२६१.८
जम्मा			१०६८६	११४१३	४१७.७४

पारित कानुनहरू

अन्नपूर्ण गाउँपालिका शिक्षा क्षेत्र (संचालन र व्यवस्थापन) नियमावली, २०७४ (पहिलो संशोधन २०७९)
सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन कार्यबिधि, २०७९
अन्नपूर्ण गाउँपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यबिधि २०७९
अन्नपूर्ण गाउँपालिकाका नागरिकको स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यबिधि २०७९
बाल कोष सञ्चालन कार्यबिधि २०७९
नमूना फर्म निर्माणमा अनुदान वितरण सम्बन्धि कार्यबिधि २०७९
दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यक्रम कार्यबिधि, २०७९
कुखुरा पालक कृषकलाई चल्ला खरिदमा २५ प्रतिशत अनुदान सहयोग कार्यक्रम कार्यविधि २०७९
विद्यालय व्यवस्थापन समिति गठन र व्यवस्थापन सम्बन्धि कार्यबिधि २०७९
स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा कार्यान्वयन कार्यविधि, २०७९
अन्नपूर्ण गाउँपालिका, जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९
गैर सरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका, २०७९
अन्नपूर्ण आधार शिविरमा हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन सम्बन्धी कार्यविधि – २०७९
निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा बिक्रि वितरण व्यवस्थित गर्ने कार्यविधि, २०७९
आर्थिक ऐन, २०८०
विनियोजन ऐन, २०८०
अन्नपूर्ण गाउँपालिका आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि – २०८०
हरियो घाँस बिस्तार कार्यक्रम कार्यविधि - २०८०
अन्नपूर्ण गाउँपालिकाको वातावरण संरक्षण ऐन, २०८०
अन्नपूर्ण गाउँपालिकाको संस्था दर्ता ऐन, २०८०
एकीकृत पर्यटन सूचना केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

कृषि

जैविक विविधता मेला

कृषि जैविक विविधता सप्ताहको अवसरमा अन्नपूर्ण गाउँपालिका, कास्की, कृषि विकास शाखाले २०८० माघ ३ गते अन्नपूर्ण बहुप्राविधिक शिक्षालयको परिसर वडा नं. २ मा जैविक विविधता मेला संचालन गरेको थियो। उक्त मेलामा गाउँपालिकाका ११ वटा कृषि सहकारी तथा समूहले आफ्नो वडा भित्र रहेका रैथाने बालिका जातहरू संकलन गर्नु भएको थियो। मेलाबाट धानका ८ जात, कोदोका ४ जात, तरुलका १२ जात र बिभिन्न स्थानीय र लोपोन्मुख स्थानीय तरकारी बालिका जातहरू संकलन भएका थिए। संकलन भएका जातहरू गाउँपालिकाको अन्नपूर्ण-०३ स्थित अन्नपूर्ण सामुदायिक बिउ बैंकको परिसरमा फिल्डजिन बैंक र जैबिक विविधता प्रदर्शनी स्थल स्थापना गरी संरक्षण गर्ने लक्ष्य रहेको छ।

स्थलगत कृषि तालिम

अन्नपूर्ण गाउँपालिका, कास्की र रेडक्रस नेपाल, कास्कीको सहकार्यमा अन्नपूर्ण गाउँपालिका वडा नं. ७, ८ र ९ मा तरकारी तथा फलफूल उत्पादन र नर्सरी व्यवस्थापन विषयमा ३-३ दिनको स्थलगत तालिम संचालन गरिएको थियो। स्थानीय २०-२५ जना कृषकहरू समेटेर आलु परिवार, सुन्तला खेती र गोलभेडा तथा काउली परिवारका तरकारीको नर्सरी व्यवस्थापन विषयमा रहेर कक्षागत र प्रयोगात्मक तालिम संचालन गरिएको थियो। साथै झार, रोग,

किरा र मलखाद व्यवस्थापनको लागि झोल मल तयारीको प्रयोगात्मक कक्षा संचालन भएको थियो।

मौरी प्रबर्धन कार्यक्रम

गाउँपालिकामा स्थानीय मौरी पकेट क्षेत्र संचालन गर्ने उद्देश्यले वडा न. २ र वडा न. ४ मा मौरी पालन सम्बन्धी तालिम प्राप्त किसानहरूलाई प्रति किसान १/१ घारका दरले वडा न. २ मा २० र वडा न. ४ मा २० जना कृषकहरूलाई गोला सहितको मौरीको घार वितरण गरिएको छ।

स्थायी टनेल निर्माण कार्यक्रम

बजार केन्द्रित व्यावसायिक तरकारी उत्पादनलाई जोडदिनका निम्ति व्यावसायिक किसानहरूलाई ५०% अनुदानमा स्थायी टनेल निर्माण कार्यक्रम संचालनमा रहेको छ। जस अन्तर्गत वडा नं. १, २ र ७ मा ६ वटा स्थायी टनेल निर्माण प्रक्रियामा रहेका छन्।

रैथाने बालीका परिकार तयारी तथा विविधीकरण तालिम

अन्नपूर्ण गाउँपालिका, कास्कीले २०८० साल जेठ महिनामा अन्नपूर्ण-१० स्थित २० वटा होटेल र होमस्टे लक्षित गरी रैथाने बालीका परिकार तयारी र विविधीकरण तालिम संचालन गरेको थियो । गाउँपालिकामा भित्रिने आन्तरिक र बाह्य पर्यटकहरूलाई रैथाने बालीका परिकारबारे जानकारी उपलब्ध गराउन र परिकारको स्वाद चखाउन उक्त कार्यक्रम संचालन गरिएको हो । साथै तालिमले होटेल र होमस्टेको आर्थिक उन्नति गराउने लक्ष्य राखेको थियो ।

संचालनको प्रक्रियामा रहेका कार्यक्रमहरू

१. वडा नं. १ मा कफी पकेट कार्यक्रम

२. वडा नं. २ मा कोदो पकेट कार्यक्रम

३. वडा नं. ३ र ४ मा मौरी पकेट कार्यक्रम

४. वडा नं. ११ मा तितेपाती प्रबर्धन कार्यक्रम

पशुसेवा

क्र.सं.	कार्यक्रम	लाभान्वित संख्या
१	पशु स्वास्थ्य सेवा/प्राथामिक उपचार	७५३
२	पशु उपचार सेवा(गोबर परीक्षण, नमुना संकलन, शव परीक्षण) मेडिकल माइनर सर्जिकल/गाइनोकोलोजिकल सेवा	४,३००
३	पशुमा पूर्ण खोप कार्यक्रम	२१६२०
४	निःशुल्क औषधी वितरण	७५३
५	क)पशु आहारा सेवा(बहु वर्षे भुई तथा डाँले घाँस विरुवा वितरण कार्यक्रम) १,००,००० सेट सेटेरिया ८००० बिरुवा ख) हरियो घाँस बिस्तार कार्यक्रम	१५३ जना कृषक ८७ जना कृषक
६	कृतिम गर्भधान सेवा	१८४७
७	आन्तरिक तथा वाह्रय परजिवी नियन्त्रण/डिपिङ्ग कार्यक्रम	३५ कृषक / ७००० भेडा बाख्रा
८	व्यावसायिक भेडा/बाख्रा पालन तालिम ३ दिने	४० जना कृषक
९	व्यावसायिक कुखुरा पालन तालिम ३ दिने	३५ जना कृषक
१०	व्यावसायिक गाई भैँसी पालन तालिम ३ दिने	४० जना कृषक
१०	हरियो घाँस बिस्तार कार्यक्रम	८९ जना कृषक
११	व्यावसायिक कुखुरा पालन कृषकलाई चल्ला खरिदमा २५% अनुदान	२९ व्यावसायिक किसान
१२	पशुमा पुर्ण खोप अन्तक्रिय कार्यक्रम	१ देखि ११ वटा वडाहरूमा
१३	लम्फी स्किन रोग बिरुद्ध खोप	२५०० गाई/गोरु
१४	विषय बिज्ञ र व्यावसायिक कृषकसँग अन्तरक्रिया तथा योजना तर्जुमा	
१५	ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना अन्तर्गत भवन निर्माण	निर्माणाधीन
१६.	दुध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन कार्यक्रम	१५५कृषक को ४,९६,००० लिटर दुधको अनुदान

पशु स्वास्थ्य सेवा/प्राथामिक उपचार पशु सेवा शाखा तथा पशु सेवा केन्द्रबाट नियमित उपचारबाट ७५३ जना कृषकहरू लाभान्वित ।

गाइनोकोलोजिकल सेवा/नमुना संकलन/पोष्टमार्टम/माइनर सर्जिकल सेवा अन्तर्गत ४३०० पशु वस्तुमा उपचार सेवा उपलब्ध

ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजनाबाट कृषि तथा पशु सेवा केन्द्र भवन ढिकुरपोखरीको मिति२०८०/९/४ गते गाउँपालिका अध्यक्ष विष्णु बहादुर के.सी. ज्यू बाट शिलान्यास गरी हाल निर्माणाधिन अवस्था रहेको छ ।

आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण/डिपिङ्ग कार्यक्रम मिति २०८१/१/२ गतेदेखि ४ गतेसम्म संचालन हुदाँ वडा नं १० र ११ का ७००० भेडा /बाख्रा पालन गरेका ३५ ओटा घुम्ती चरन (गोठ) प्रत्यक्ष लाभान्वित भएका छन् ।

आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण/डिपिङ्ग कार्यक्रमका लागि आवश्यक औषधी उपकरण

भेडि गोठका भेडाबाख्रासँगे वडा नं ११ का वडा अध्यक्ष हिम बहादुर गुरुङ

हरियो घाँस विस्तार कार्यक्रम अन्तर्गत ८७ जना कृषकको ५०५ रोपनी जग्गामा लगाएको घाँस खेतीको प्रति रोपनी १५०० का दरले रू. ७,५७,५००/- अनुदान उपलब्ध गराइएको ।

जै घाँस खेतीको स्थलगत अनुगमन

पशुमा पूर्ण खोप अन्तर्क्रिया कार्यक्रम अन्तर्गत भेटेरिनरी अस्पताल तथा पशु सेवा सेवा विज्ञ केन्द्र कास्की को सहकार्यमा २१२६० पशु वस्तुमा खोरेत,भ्यागुते चरचरे, पी.पी.आर, रेविज तथा लम्पी स्कीन विरुद्ध खोप कार्यक्रम संचालन गरिएको छ ।

पशुमा पूर्ण खोपसम्बन्धी अन्तरक्रिया कार्यक्रम

व्यावसायिक कुखुरापालन सम्बन्धी ३ दिने तालिम कार्यक्रम मिति २०८०/११/ २० गतेदेखि २३ गतेसम्म अन्नपूर्ण गाउँपालिकाको सभाहलमा संचालन गरी व्यावसायिक रुपमा कुखुरा पालन गरेका ३५ जना किसानको क्षमता अभिवृद्धि गरिएको थियो।

व्यावसायिक कुखुरा पालन सम्बन्धी ३ दिने तालिम

व्यावसायिक कुखुरा पालन कृषकलाई चल्ला खरिदमा २५% अनुदान कार्यक्रम अन्तर्गत २९ जना व्यवसायिक कृषकलाई १०,५२,००० रुपैया अनुदान उपलब्ध गराइएको छ।

निःशुल्क पशु स्वास्थ्य शिविर वडा नं ७

निःशुल्क पशु स्वास्थ्य शिविरको लागि पशुसेवा प्राविधिकहरूलाई औषधी उपकरण हस्तान्तरण

लम्फी स्कीन रोग विरूद्ध खोप कार्यक्रम

पशु चौपायहरूमा महामारीको रुपमा फैलिएको लम्फी स्किन रोगबाट पशुचौपायहरूलाई सुरक्षित बनाउनका लागि लम्फी स्कीन रोग विरूद्ध खोप कार्यक्रम संचालन गरिएको छ। सो कार्यक्रमबाट २५०० गाई गोरुमा खोप सेवा उपलब्ध गराइएको छ।

मिति २०८१/१/९ गतेदेखि ११ गतेसम्म वडा नं. ८ विरेठाँटीमा व्यावसायिक भेडा/बाख्रा पालन सम्बन्धी तालिम संचालन गरिएको छ। जसबाट व्यावसायिक भेडा/बाख्रा पालन गरेका ४० जना कृषकहरूले तालिम प्राप्त गरेका छन्।

मिति २०८१/१/२५ गतेदेखि २७ गतेसम्म व्यावसायिक गाई भैँसी पालन सम्बन्धी तालिम संचालन भएको छ। सो तालिम कार्यक्रमबाट व्यावसायिक गाई भैँसी पालन गरेका ४० जना कृषकहरूले तालिम प्राप्त गरेका छन्।

दुध उत्पादक कृषकहरूलाई उत्पादनको आधारमा प्रोत्साहन कार्यक्रम अन्तर्गत दैनिक ५ लिटर भन्दा बढी दुध विक्री गरेको १५५ जना कृषकहरूलाई प्रति

लिटर रु १ दरले ४,९६,००० लिटर दुधको अनुदान उपलब्ध गराइएको छ।

कृत्रिम गर्भाधान सेवा

कृत्रिम गर्भधान सेवा अन्तर्गत १८४७ गाई भैँसीमा कृत्रिम गर्भाधान गराइएको छ।

पर्यटन र प्रविधि

पर्यटन

मनमोहक पर्यटकीय गन्तव्यहरूलाई अङ्गाली पर्यटन क्षेत्रमा प्रचुर सम्भावनाहरू बोकेको र विश्वको दशौँ स्थानमा रहेको सर्वोच्च शिखर अन्नपूर्ण हिमालको नामबाट नामाकरण गरिएको अन्नपूर्ण गाउँपालिका प्रकृतिप्रेमी पदयात्रीदेखि परम्परागत साँस्कृतिक जीवनशैलीमा रमाउन चाहने हरेक पर्यटकहरूको रोजाइमा पर्दछ। शान्त अनि सुन्दर फेवातालको किनारदेखि कठिन अन्नपूर्ण पदमार्गसम्म यस अन्नपूर्ण क्षेत्रले आफ्ना आगन्तुकहरूलाई पहाड र हिमशृङ्खलाहरूका दृष्यहरू, विविध वनस्पति तथा जनावरहरूसँगको सामिप्यता र जीवन्त स्थानीय परम्पराहरूले स्वागत गरिरहेका हुन्छन्।

आफ्नो अतुलनिय प्राकृतिक सौन्दर्यता र असिमित साहसिक खेलका अवसरहरूमार्फत बर्सेनि असङ्ख्य पर्यटकहरूलाई आकर्षित गरिरहने अन्नपूर्ण पर्यटकीय क्षेत्र सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउने सोचका साथ भखरैमात्र एकीकृत पर्यटन सूचना केन्द्र स्थापना गरिएको छ। पर्यटन सूचना केन्द्र स्थापित हुनुका मुख्य उद्देश्यहरूमा पर्यटकहरूलाई आफ्नो भ्रमण क्षेत्रको बारेमा पूर्व जानकारी गराउने, पर्यटन क्षेत्रलाई सुरक्षित बनाउने, पर्यटन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र पर्यटन क्षेत्रलाई आयआर्जनको मुख्य क्षेत्रका रुपमा विकास गर्ने रहेका छन्। साथै पर्यटन क्षेत्रको विकासमा टेवा पुर्याउनको लागि सूचना प्रविधिको प्रयोगलाई पनि जोड दिई वेवमा आधारित पर्यटन सूचना पोर्टल[1] तथा Android Application[2] पनि सञ्चालनमा ल्याइएको छ।

अन्नपूर्ण गाउँपालिका वडा नम्बर ८ बिरेठाँटीमा पर्यटन प्रवर्द्धनको लागि एकीकृत पर्यटन सूचना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गण्डकी प्रदेश र अन्नपूर्ण गाउँपालिकाको संयुक्त लागत साझेदारीमा संचालित नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पर्यटन

1 Visit.annapurnamun.gov.np
2 “Visit Annapurna” available on play store

सूचना केन्द्र स्थापना भएको हो। नेपाल भित्रिएका वाह्य पर्यटकहरूमध्ये यस अन्नपूर्ण गाउँपालिका भित्र कति संख्यामा पर्यटकहरू भित्रिए भन्ने कुराको वास्तविक तथ्याङ्क नभएको अवस्थामा अन्नपूर्ण भित्रिने पर्यटकहरूको विवरण संकलन गर्ने, अन्नपूर्ण क्षेत्रभित्रका पर्यटकीय गन्तव्यहरूका बारेमा पूर्व जानकारी गराई पर्यटकहरूलाई सहजता प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको यस एकीकृत पर्यटन सूचना केन्द्र मिति २०८० फागुन २३ गते पालिका अध्यक्ष विष्णु बहादुर केसीज्यूद्वारा उद्घाटन गरिएको थियो।

पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यको लागि मिति २०८०-११-१८ गते कार्यपालिका बैठकबाट एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयन गरिएको छ।



पर्यटन सूचना पोर्टल "Explore Annapurna Rural Municipality in an extraordinary way."

पर्यटन क्षेत्रलाई प्रविधिको माध्यमबाट प्रवर्द्धन गर्नका लागि पर्यटन सूचना पोर्टलको निर्माण गरी सञ्चालनमा ल्याइएको छ। मौसम, कला, संस्कृति, आकर्षण र विभिन्न साहसिक गतिविधिहरूका आधारमा अन्नपूर्ण गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरूलाई बर्गीकरण गरेर सोहिअनुसार खोज्न मिल्ने web portal मार्फत् पर्यटन प्रवर्द्धन गरिएको छ।

https://visit.annapurnamunkaski.org/



Visit Annapurna Android Application

अन्नपूर्ण भित्रका विभिन्न पर्यटकीय गन्तव्यहरूको Trekking Route र GPS प्रणालीसहित Augmented Reality (AR) Technology मा आधारित रहेर यो Mobile Application निर्माण गरी Play Store मा राखिएको छ। जसको मद्दतबाट अन्नपूर्ण क्षेत्रभित्र ट्रेकिङ मार्गमा आफ्नो गन्तव्य सजिलै पत्ता लगाउन सकिन्छ।

ट्रेकिङ गाइड तालिम

स्थानीय युवाहरूलाई आर्थिक पुनरूत्थान र जिबिकोपार्जनसँग जोड्ने उद्देश्यले नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको प्राविधिक सहयोगमा ११ वटै वडाका जम्मा ३५ जना युवालाई ट्रेकिङ गाइड तालिम सञ्चालन गरि लाइसेन्स समेत प्रदान गरिएको छ । गाउँपालिका क्षेत्रभित्र आवश्यक दक्ष जनशक्ति गाउँपालिकामै उत्पादन भइ बेरोजगार युवालाई पर्यटन र रोजगारीसँग जोडिएको छ ।

Free WiFi को ब्यबस्था

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा आउने सेवाग्राहीहरूलाई ईन्टरनेट सेवा उपलब्ध गराउनको लागि कार्यालय परिसर भित्र कभरेज हुने गरी फ्रि वाइफाई को व्यवस्था गरिएको छ ।

YouTube Channel

अन्नपूर्ण गाउँपालिका सँग सम्बन्धित विभिन्न गतिविधिहरू, जानकारीमुलक सामग्रीहरू जस्तैः पर्यटकीय गन्तव्यहरू, डकुमेन्ट्री श्रब्यदृश्य सामग्रीहरू सार्वजनिक गरी दर्शक स्रोता माझ पुर्याउने गरिएको छ ।

https://www.youtube.com/@annapurnagaupalikakaski-it1309

सेवाग्राही सन्तुष्टि सर्वेक्षण

गाउँपालिका कार्यालय, मातहतका वडा कार्यालयहरू, विषयगत शाखा र अन्य कार्यक्रमहरूबाट प्रवाह हुने सेवाको गुणस्तर, कर्मचारीहरूको व्यवहार र सेवाग्राहीको सन्तुष्टिको मापन गर्नका लागि सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम विकास गरिएको छ । सूचना प्रविधिलाई प्रयोग गर्दै QR code स्क्यान गरी यो फाराम अनलाइनबाट भर्न सकिने गरी व्यवस्था मिलाइएको छ । व्यक्तिगत विवरण र गुनासोको गोपनीयतालाई मध्यनजर गर्दै, यसमा उल्लेखित विवरणहरू गोप्य रहने र अनुसन्धान तथा सेवामा सुधारको लागि भन्दा अन्य प्रयोजनमा प्रयोग गरिने छैन ।

प्रशासनिक सेवा

राष्ट्रिय सभाका विधायन व्यवस्थापन समिति र अन्नपूर्ण गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारी बीच कानुन निर्माण र कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

विधायन समितिका पदाधिकारीहरूका लागि क्षमता अभिवृद्धि कार्यक्रम

४. सेवाग्राही सहायता कक्ष (Help Desk) को स्थापना

आ.ब. २०८०/८१ को सुरुवात संगै कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरूलाई सेवा प्रकृया,आवश्यक कागजात सम्बन्धमा सहजिकरण गर्नका लागि सेवाग्राही सहायता कक्ष (Help Desk) स्थापना गरिएको छ। वि.सं. २०८० श्रावण १ गते पहिलो सेवाग्राही वडा नं. २ निवासी कुल प्रसाद भण्डारीलाई सहायता कक्षबाट आवश्यक सहजीकरण सहित सेवा शुभारम्भ गरिएको हो।

मिति २०८०।१२।१६ गतेका दिन अन्नपूर्ण गाउँपालिका कास्की र अन्नपूर्ण गाउँपालिका म्याग्दीको अन्तरपालिका समन्वयात्मक वैठक अन्नपूर्ण गाउँपालिका कास्कीमा सम्पन्न भएको छ।

अन्नपूर्ण गाउँपालिकाका जनप्रतिनिधिसहित कर्मचारीहरू र आँधीखोला गाउँपालिका स्याङ्जाका जनप्रतिनिधि तथा कर्मचारीहरूबीच अन्तरक्रिया एवं छलफल कार्यक्रम अन्नपूर्ण गाउँपालिका कास्कीको सभाहलमा सम्पन्न भएको थियो।

अन्नपूर्ण गाउँपालिकाको सातौं स्थापना दिवसको अवसरमा विविध विधामा सम्मान सहितको कार्यक्रम

लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको प्रमुख सचिब सहितको टोलीद्वारा अन्नपूर्ण गाउँपालिका भ्रमण गरी पालिकाद्वारा सञ्चालित नव प्रवर्तन साझेदारी कार्यक्रम तथा अन्य असल अभ्यासहरू सम्बन्धमा अनुभव आदान प्रदान तथा छलफल कार्यक्रम सम्पन्न ।

प्रत्येक विहान १० बजे कार्यालयमा जनप्रतिनिधिहरू र कर्मचारीहरूको उपस्थितिमा राष्ट्रिय गान अभियानको निरन्तरता

संघीय सरकारका श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय शरतसिंह भण्डारीको समुपस्थितिमा सामाजिक सुरक्षा कोष र अन्नपूर्ण गाउँपालिका कास्कीका बिच अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिको सामाजिक सुरक्षा योजना संचालनका लागि समझदारी पत्रमा हस्ताक्षर ।

अन्नपूर्ण गाउँपालिकाको १५ औँ गाउँ सभा मिति २०८०/०९/२५

अन्नपूर्ण गाउँपालिकामा क्रियाशिल राजनैतिक दलका प्रतिनिधिहरूसंग समसामयिक विषयमा छलफल गरी सर्वदलीय बैठक सम्पन्न ।

अन्नपूर्ण गाउँपालिका, कास्कीको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/२०८६) तर्जुमा अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी ।

अन्नपूर्ण गाउँपालिका,कास्कीको तर्फबाट मायाको चिनो हस्तान्तरण सहित गाउँपालिकाका समस्याहरू र विकास योजनाहरू सहितको पत्र पूर्व प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष साथै संसदीय दलका नेता माननीय खड्ग प्रसाद (केपि) शर्मा ओलिलाई बुझाउँदै गाउँपालिका अध्यक्ष विष्णु बहादुर केसी, उपाध्यक्ष चन्द्रकला अधिकारी र प्रवक्ता एवं वडा नं.-७ वडाध्यक्ष भरत मान गुरुङ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस २०८० कार्तिकमा अन्नपूर्ण बेसक्याम्प पुगेका थिए। जलवायु परिवर्तनको असरबारे प्रत्यक्ष अनुभव गर्न र स्थानीयसँग कुरा गर्नका लागि गुटेरेस अन्नपूर्ण आधार शिविर (एविसी) गएका हुन् । उहाँको स्वागतका लागि एविसीमा छुट्टै हेलिप्याड बनाइएको थियो भने स्थानीय बासीले झाँकीसहित उहाँको भव्य स्वागत गरेका थिए।

गाउँपालिकाका अध्यक्ष विष्णु बहादुर के.सी. सहितको टोलीले गुटेरेसलाई स्वागत गर्दै जलवायु परिवर्तनका समग्र असरबारे जानकारी गराउनुका साथै जलवायु परिवर्तनबाट प्रभावित क्षेत्रलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, विकास र समृद्धिमा साथ सहयोग गर्नुपर्ने र जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने सम्बन्धी ध्यानाकर्षण गराउनुभएको थियो भने वडाध्यक्ष हिम बहादुर गुरुङले जलवायु परिवर्तन सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो ।

सो अवसरमा महासचिव गुटेरेसले जलवायु परिवर्तनमा नेपाल जस्तो राष्ट्रहरूको कुनै दोष नरहेको उल्लेख गर्दै यसको लागि मुख्य जिम्मेवार ठुला शक्ति राष्ट्रहरू भएको बताउँदै ठुला शक्ति राष्ट्रहरूले नेपाल जस्तो कम विकसित र जलवायु परिवर्तनबाट प्रभावित राष्ट्रहरूको विकासमा सहयोग गर्नुपर्ने धारणा राख्नुको साथै यस क्षेत्रको विकास र समृद्धिको लागि आफ्नो ठाउँबाट सक्दो पहल गर्ने प्रतिबद्धता जनाउनुभयो।

गाउँपालिका स्थापना दिवसः

नेपालको संविधान २०७२ अनुसार तीन तहको सरकारको संवैधानिक व्यवस्था साथै राज्यशक्तिको प्रयोग, संविधान र कानुन बमोजिम प्रयोग गर्न नेपालमा २०७३ साल फाल्गुन २७ गते स्थानीय तहको घोषणा भई कार्यान्वयनमा आएको हो। वि.सं. २०८० सालमा आईपुग्दा उक्त संरचना छ वर्ष पूरा भई सातौं वर्ष प्रवेश गरेको छ। सातौं वर्षमा प्रवेश गरेको शुभ अवसरमा यस अन्नपूर्ण गाउँपालिकाले पनि विभिन्न विधामा सम्मान सहित सातौं स्थापना दिवस भव्य रुपमा मनाएको छ।

उक्त अवसरमा अन्नपूर्ण गाउँपालिकाका सम्पूर्ण निर्वाचित जन-प्रतिनिधि, अतिथिहरु, राजनैतिक दलका प्रतिनिधिहरु, गाउँपालिका भित्रका सम्मानित व्यक्तित्वहरु, महिला संजाल, सहकारी संस्थाहरु र अन्य सम्मानित समाजसेवी व्यक्तित्वहरुको उपस्थितिमा यस अन्नपूर्ण गाउँपालिका वडा नं. १ स्थित नागडाँडा चोक वाट पञ्चे वाजा र भजन कृतन सहितको प्रभात फेरी गरी गाउँपालिकाको कार्यालयमा भेला भई वडा नं. २ को सभाहलमा विभिन्न विधाहरुमा सम्मान कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्ष श्री विष्णु वहादुर के.सी. ले गर्नुभएको थियो। कार्यक्रमको प्रमुख अतिथि कास्की जिल्ला क्षेत्र नं. ३ का प्रतिनिधि सभा सदस्य माननीय दामोदर पौडेल (वैरागी) हुनुहुन्थ्यो।

क्र. स.	सम्मानित विधा	सम्मानित व्यक्ति / संस्थाको संख्या
१	सहकारी संस्था	१
२	शिक्षा	७५
३	स्वास्थ्य कर्मचारी र स्वयंसेविका	२
४	कर्मचारीहरु	४
५	उपभोक्ता समिति	२
६	जेष्ठ नागरिक	२
७	कला/साहित्य	१४
८	खेलाडी	३
९	कृषि व्यवसाय र पशु व्यवसाय	२
१०	लघु उद्यमी समुह	१
११	पर्यटन क्षेत्र	१
१२	लोगो डिजाईनर	१
१३	करदाता	१
१४	सुरक्षा कर्मी	१
१५	पत्रकार/संचारकर्मी	८
	जम्मा	११८

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कास्की
कार्यालयको कोड : ८०४३९५०१३००

क्षेत्रगत बजेट तथा खर्च

आ.व. : २०८०/८१ महिना : सबै अवधी : २०८०/०४/०१-२०८१/०२/०३

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)	मौज्दात
१	आर्थिक विकास	१,७२,९३,०००.००	७६,४३,५४३.००	४४.२	९६,४९,४५७.००
१	कृषि	४६,१३,०००.००	१५,०७,४०२.००	३२.६८	३१,०५,५९८.००
२	उद्योग	२२,००,०००.००	५,३५,९३६.००	२४.३६	१६,६४,०६४.००
३	पर्यटन	४२,२२,०००.००	३२,३२,०००.००	७६.५५	९,९०,०००.००
४	पशुपन्छी विकास	६२,५८,०००.००	२३,६८,२०५.००	३७.८४	३८,८९,७९५.००
२	सामाजिक विकास	३२,५९,९९,०००.००	२२,६१,२१,८९८.००	६९.३६	९,९८,७७,१०२.००
१	शिक्षा	२४,६०,८२,०००.००	१८,२१,०१,८५३.००	७४	६,३९,८०,१४७.००
२	स्वास्थ्य	४,९६,१२,०००.००	३,२८,०३,४३५.००	६६.१२	१,६८,०८,५६५.००
३	खानेपानी तथा सरसफाई	१,४८,७६,०००.००	३५,६०,५०२.००	२३.९३	१,१३,१५,४९८.००
४	भाषा तथा संस्कृति	२७,५०,०००.००	१०,७८,०४५.००	३९.२	१६,७१,९५५.००
५	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२३,२५,०००.००	७,७३,४९४.००	३३.२७	१५,५१,५०६.००
६	युवा तथा खेलकुद	२२,४५,०००.००	९,२५,०६०.००	४१.२१	१३,१९,९४०.००
७	सामाजिक सुरक्षा तथा संरक्षण	८१,०९,०००.००	४८,७९,५०९.००	६०.१७	३२,२९,४९१.००
३	पूर्वाधार विकास	१९,५३,३०,५००.८६	११,७६,६८,९७७.००	६०.२४	७,७६,६१,५२३.८६
१	यातयात पूर्वाधार	१४,५९,२५,५००.८६	१०,५९,९३,७५०.००	७२.६४	३,९९,३१,७५०.८६
२	भवन, आवास तथा सहरी विकास	३,२९,०५,०००.००	३९,१८,२१५.००	११.९१	२,८९,८६,७८५.००
३	उर्जा	८,००,०००.००	०.००	०	८,००,०००.००
४	सम्पदा पूर्वाधार	१,२९,००,०००.००	७३,०७,०१२.००	५६.६४	५५,९२,९८८.००
५	पुननिर्माण	२८,००,०००.००	४,५०,०००.००	१६.०७	२३,५०,०००.००
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,०९,५०,०००.००	५६,८९,६१८.००	५१.९६	५२,६०,३८२.००
१	विपद व्यवस्थापन	५७,००,०००.००	४०,०७,९३३.००	७०.३१	१६,९२,०६७.००
२	मानब संशाधन विकास	६,००,०००.००	२,५२,२१५.००	४२.०४	३,४७,७८५.००
३	कानुन तथा न्याय	१०,००,०००.००	१,०१,४४०.००	१०.१४	८,९८,५६०.००
४	शासन प्रणाली	२,००,०००.००	२,००,०००.००	१००	०.००
५	तथ्यांक प्रणाली	१३,५०,०००.००	८,८६,३००.००	६५.६५	४,६३,७००.००
६	गरिबी निवारण	२,००,०००.००	०.००	०	२,००,०००.००
७	योजना तर्जुमा र कार्यन्वयन	४,००,०००.००	०.००	०	४,००,०००.००
८	प्रशासकीय सुशासन	८,००,०००.००	१,४१,७३०.००	१७.७२	६,५८,२७०.००
९	वित्तीय सुशासन	७,००,०००.००	१,००,०००.००	१४.२९	६,००,०००.००
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	९,६९,१८,२९६.९०	६,१५,५७,२७६.००	६३.५१	३,५३,६१,०२०.९०
१	कार्यालय सञ्चालन तथा प्रशासनिक	९,६९,१८,२९६.९०	६,१५,५७,२७६.००	६३.५१	३,५३,६१,०२०.९०
	कुल जम्मा	६४,६४,९०,७९७.७६	४१,८६,८१,३१२.००	६४.७६	२२,७८,०९,४८५.७६

स्वास्थ्य

१. खोप कार्यक्रम यस पालिका अन्तर्गतका विभिन्न १३ वटा स्वास्थ्य संस्थाबाट मासिक रुपमा पालिकाका तोकिएका ठाउँमा विभिन्न खोप सेवा संचालन भईरहेको छ | जस अन्तर्गत १६ देखि ५९ महिना भित्रका उमेर समूहका बालबालिकाले खोप पाए नपाएको सुनिश्चित गरी स्वास्थ्यकर्मीद्वारा घरधुरी सर्बेक्षण गरी पूर्ण खोप पालिका घोषणा मिति २०८० बैशाख ३० गते गरिएको थियो।

२. क्षयरोग नियन्त्रण कार्यक्रम अन्तर्गत स्वास्थ्य चौकीहरूको समिक्षा तथा समुदायमा क्षयरोग खोज पड्तालको लागि यसै पालिका अन्तर्गतको नयापुल र घान्द्रुकमा माइक्रोस्कोपी क्याम्प संचालन गरी १३५ जना शंकास्पद बिरामीको खकार परीक्षण गरिएको |

परिवार कल्याण कार्यक्रम

३. परिवार कल्याण कार्यक्रम अन्तर्गत महिलाहरूको पाठेघरको मुखको क्यान्सर पत्ता लगाउने हेतुले अन्नपूर्ण ४ सल्यान, अन्नपूर्ण ५ झोवाङ र अन्नपूर्ण २ नाउडाडामा संचालन गरी कुल २९८ जनालाई निशुल्क सेवा दिई शंकास्पद २ जनालाई रेफर गरिएको साथै पाठेघर खस्ने समस्या भएका १२ जनाको उपचार गरिएको छ।

४. सुरक्षित सुत्केरी सेवा अन्तर्गत २८ जना महिलालाई स्वास्थ्य संस्थामा सुत्केरी सेवा दिई यातायात खर्च समेत उपलब्ध गराईएको |

५. समुदायमा आधारित एकीकृत बाल रोग व्यवस्थापन कार्यक्रम अन्तर्गत ५ वर्ष मुनिका बालबालिकाको उपचारलाई व्यवस्थापन गर्न स्थलगत अनुशिक्षण गरी स्वास्थ्यकर्मीलाई सुसूचित गरिएको।

६. राष्ट्रिय भिटामिन ए कार्यक्रम वडा स्तरमा संचालन गरी कार्तिक र बैशाख महिनामा यस पालिकाका ६ महिना देखि ५ बर्स मुनिका सबै बालबालिकालाई भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्य सम्पन्न गरिएको |

७. पालिका स्तरीय पोषण कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको

८. विद्यालयमा अध्ययनरत बालबालिकालाई स्वास्थ्य शिक्षा तथा किशोरीहरूलाई प्रत्येक ३/३ महिनामा आइरन चक्की वितरण गरिएको ।

९. खोप कार्यक्रमको माइक्रोप्लानिङ गरी ३ वर्षको योजना बनाईएको।

१०. सुत्केरी महिलाहरूको स्वास्थ्य परीक्षणको लागि कम्तिमा ३ पटक स्वास्थ्यकर्मी घरमा गई स्वास्थ्य परीक्षण गर्ने गरिएको छ।

११. प्रत्येक महिना स्वास्थ्य चौकी प्रमुखहरूको मासिक बैठक बसी कार्यक्रमको अवस्था,प्रगति र मासिक रुपमा गर्नुपर्ने क्रियाकलापहरूको समिक्षा गर्ने गरिएको ।

१२. स्वास्थ्य चौकीहरूको अभिलेख तथा प्रतिबेदनलाई गहन रुपमा केलाई भेरिफिकेशन गरिएको।

१३. गाउँपालिका अन्तर्गतका ५ वटै स्वास्थ्य चौकीमा न्युनतम सेवा मापदण्ड बमोजिम स्कोर बोर्ड बनाई आफ्नो स्वास्थ्य चौकीको नतिजा सबैले देख्ने गरी बोर्ड बनाएर टासिएको ।

१४. ल्याब सेवालाई विस्तार गर्ने उद्देश्य अनुरुप पालिकाको आफ्नै पहलमा नाउडाडा र संजीवनी जनस्वास्थ्य अभियान मार्फत घान्द्रुक स्वास्थ्य चौकीमा ल्याब सेवा संचालनमा ल्याईएको छ।

१५. महिला स्वास्थ्य स्वयं सेविकहरूलाई प्रोत्साहन गर्न १ वडा १ उत्कृष्ट स्वयं सेविका छनोट गरी अन्तराष्ट्रिय स्वयं सेवक दिवसमा सम्मान गरिएको ।

१६. Covid- १९ बिरुद्धको खोप लगाई प्रमाणीकरण गरिएको संख्या २१६१ (पुरुष १०९८, महिला १०६४) हालसम्म

१७. बिपन्न नागरिकलाई सरकारले तोकेका बिभिन्न रोगहरूको सहुलियत उपचारको लागि ४६ (२०८० साउन देखि २०८१ बैशाख सम्म) जनालाई बिभिन्न अस्पतालहरूमा सिफारिस गरिएको (प्रति व्यक्ति १ लाख उपचार सहुलियत पाउने)

१. पालिकाका प्रत्येक नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै अध्यक्षज्यूको पहिलो पद बहालीको क्रममा शुरु गरिएको स्वास्थ्य बिमा कार्यक्रम मार्फत यस आर्थिक वर्ष सम्म आइपुग्दा जम्मा १६७४ परिवारको स्वास्थ्य बिमा गरिएको छ। जसमा पूर्ण छुट पाउने परिवार संख्या ५६ र ५०% छुट पाउने परिवार संख्या १६१८ रहेको छ।

२. यस पालिका अन्तर्गतको नाउडाडा र घान्द्रुक स्वास्थ्य चौकीमा कार्यरत २ जना नर्सिंग कर्मचारीलाई २१ दिने भिडियो एक्सरे तालिम उपलब्ध गराई प्रदेश सरकारको सहयोगमा भिडियो एक्सरे मेशिन ल्याई गर्भवती तथा सुत्केरी महिलाको गर्भ परीक्षण सेवा सुरु गरिएको छ।





३. दादुरा रुबेला खोप अभियान संचालन गरी पालिका भित्रका ९ महिना देखि ५ वर्ष मुनिका१२३८ (प्रगति प्रतिशत ८८) जना बालबालिकालाई दादुरा रुवेला विरुद्धको खोप प्रदान गरिएको छ। मिति २०८१ बैशाख ३१ गते गाउँपालिका लाई पूर्ण खोप गाउँपालिका घोषणा गरिएको छ।

४. अन्नपूर्ण गाउँपालिकाको वडा न १,३,९ र १० मा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण सम्पन्न गरी आधारभुत स्वास्थ्य सेवा संचालनमा ल्याईएको।

५. पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूलाई कागज रहित बनाउने उद्देश्यले पालिकाका सबै १३ वटा स्वास्थ्य संस्थामा

इन्टरनेट जडान गरी कम्प्युटर, ल्यापटप र ट्याब्लेटको व्यवस्थापन गरी EHIRRS software मार्फत नियमित प्रशासनिक कार्य अगाडि वढाइएको । जसका कारण सेवाग्राहीको स्वास्थ्य अवस्थाको त्रुटिरहित जानकारी सहज तरिकाले प्राप्त भइ सेवालाई चुस्त दुरुस्त बनाउन मद्दत पुगेको छ ।

EHIRS कार्यक्रमको लागि Laptop, Computer, Tablet वितरण गर्दै अध्यक्ष विष्णु बहादुर के.सी. मिति २०८०-०४-०१

६. अन्नपूर्ण गाउँपालिकाको वडा न. ६ मा हालसम्म पनि स्वास्थ्य चौकी नभएको कुरालाई मध्यनजर गर्दै अर्को व्यवस्था नभए सम्मको लागि लुम्ले आयुर्बेद औषधालयको भवनमा मिति २०८०- लुम्ले आधारभुत स्वास्थ्य केन्द्र स्थापना गरी आधारभुत स्वास्थ्य सेवा प्रदान गरिएको । (तस्विरः लुम्ले आधारभुत स्वास्थ्य केन्द्र उद्घाटन गर्दै अध्यक्ष विष्णु बहादुर के.सी. र उपाध्यक्ष चन्द्रकला अधिकारी ।) मिति २०८०-०६-१० गते

७. अन्नपूर्ण गाउँपालिका र कुशुदेबु जनस्वास्थ्य अभियानको संयुक्त आयोजनामा अन्नपूर्ण गाउँपालिकाको वडा न. ४ स्थित बहादुरे मा.बि. मा ३ दिने बृहत स्वास्थ्य शिबिर सञ्चालन गरी करिब १२५० जना विरामीको स्वास्थ्य परीक्षण गरिएको ।

अन्नपूर्ण गाउँपालिका र मणिपाल शिक्षण अस्पतालको संयुक्त आयोजनामा अन्नपूर्ण वडा न. ३ स्थित वडा कार्यालयमा महिला रोग (gynecology) सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर संचालन गरी १२७ जना महिलालाई सेवा दिइएको।

पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम, २०८१ वैशाख ३१

योजना

१. सम्पुर्ण योजनाहरू अनलाइन प्रणालीमा समावेश गरी अनलाइनमार्फत योजना कार्यान्वयन भइरहेको ।

२. वडा कार्यालयहरूमा गई उपभोक्ता समितिसँग योजना कार्यान्वयन सम्झौता र तालिम प्रदान गरिएको ।

३. रु १० लाख भन्दा बढी रकमका योजनाहरू ठेक्का प्रकृयामा कार्यान्वयन भइरहेको । वोलपत्रबाट बचेको रकम लाई पुनः वोलपत्र आह्वान गरी कार्यन्वयनमा ल्याइएको ।

४. वडा कार्यालयहरूमा गइ उपभोक्ता समितिलाइ योजनाको रकम भुक्तानी गरिएको ।

५. सम्पूर्ण योजनाहरूको अनुगमनलाइ प्रभावकारी बनाइएको ।

६. अन्नपूर्ण गाउँपालिकाको दोस्रो आवधिक विकास योजना २०८१/८२-२०८५/८६ निर्माणको अन्तिम चरणमा रहेको ।

सामाजिक सुरक्षा तथा पञ्जिकरण

शिर्षक	संख्या	रकम
अन्य जेष्ठ नागरिक	२७१८	९५५५०४१७
जेष्ठ नागरिक भत्ता (दलित)	४५९	११२५४८०३
जेष्ठ नागरिक एकल महिला	२७३	६८५९७८६
विधवा (आर्थिक सहायता)	३८९	९१२२७७०
क बर्ग	११०	३९९३९९०
ख बर्ग (आर्थिक सहायता)	१९७	३७६८००२
दलित बालबालिका	५७५	२५८०८०७
जम्मा	४७२१	१३७१३०५७५

बैकसंगको समन्वयमा अन्नपूर्ण गाउँपालिका ९ नं वडा र ४ नं वडा कार्यालय र सेवा केन्द्रबाट सामाजिक सुरक्षा भत्ता रकम वितरण गरिएको ।

जटिल प्रकारका रोग लागेका ६८ जना दीर्घरोगीहरूलाई २०८० श्रावणदेखि पौष मसान्त सम्म रु १८,७५,०००।– (अठार लाख पचहत्तर हजार रकम लाभग्राहीको बैकखाता मार्फत भुक्तानी गरिएको) २०८० बैशाख देखि चैत्र मसान्त सम्म जम्मा १५६० वटा ब्यक्तिगत घटना दर्ता गरिएको ।

अन्नपूर्ण गाउँपालिका वडा नं ४ देखि ११ सम्मका वडा अन्तर्गतका बस्तीहरूमा ब्यक्तिगत घटना दर्ता शिविर संचालन गरी सेवा प्रदान गरिएको ।



सुरक्षित आप्रवासन (सामी) कार्यक्रम

१. बैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरूलाई गहन अभिमुखीकरण कार्यक्रम संचालन गरिएको ।

२ सरोकारवालाहरूसंगको अन्तरक्रिया तथा समुदाय अभिमुखीकरण कार्यक्रम संचालन गरिएको ।

३ बैदेशिक रोजगारीमा गएका परिवारलाई सूचना प्रदान तथा नयाँ घरपरिवार भेट गरिएको ।

४ बैदेशिक रोजगरीमा गएका परिवारलाई सूचना प्रदान फलो अप गरिएको ।

५ महिला वडा सदस्यहरूका लागि सामी कार्यक्रम सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरिएको ।

६ पालिकास्तरीय आप्रवासी श्रमिक संजालको पुनर्गठन गरिएको ।

७ वडा नं १, २ र ३ मा वडास्तरीय संजाल समिति गठन गरिएको ।

८. वैदेशिक रोजगारको सिलसिलामा मृत्यू / अङ्गभङ्ग भएका परिवारका वालवलिकाहरूलाई छात्रवृत्तिको लागि सिफारिस गरिएको ।

९ पालिकास्तरीय संजाल र वडा संजाल समितिका सदस्यहरूलाई क्षमता विकास कार्यक्रम संचालन गरिएको ।

१० वडा नं १ देखि ६ सम्मका ८ वटा विद्यालयहरूमा मनोसामाजिक परमर्श कक्षा संचालन गरिएको ।

पूर्वाधार

विकास निर्माणको मुख्य आधार भनेको पूर्वाधार विकास भएकाले गाउँपालिकाले पूर्वाधार निर्माणमा महत्व दिएर कार्य सम्पन्न गर्दै आइरहेको छ। गाउँपालिका सबै बस्तीमा मोटर बाटो पुर्याउने उद्देश्य अनुरुप कच्ची बाटो सबै ठाउँमा पुर्याउने उद्देश्य राखी कार्य गरीरहेको छ। साथै अन्नपूर्ण गाउँपालिका बासीहरूलाई हिँउद वर्षा सबै समयमा उपलब्ध साधनको प्रयोगबाट सवारी आवतजावत हुने वातावरण निर्माण गर्ने उद्देश्य स्वरुप सडक विस्तार र सरसफाइ कार्यलाई प्राथमिकता दिएको छ। कच्ची मोटर बाटोलाई पक्की ढलान गर्ने कार्यका साथै स-साना खोलाहरूमा कल्भट बनाउने कार्य समेत गरेको छ। सबै व्यक्तिलाई स्वच्छ खानेपानी पुर्याउने, कृषकहरूमा सिँचाइ पुर्याउने साथै वडा कार्यालय निर्माण र विभिन्न क्लव आमासमूह भवन निर्माण कार्यमा सहयोग पुर्याउदै आएको छ। संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा विकास निर्माणका कार्यहरू सञ्चालन गरिएको छ।

नयाँ सडक निर्माण

वडा नं	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा
मिटरमा	०	५४०	०	१२००	१४५	०	२२४०	०	०	०	२०००	६१२५

सडक ढलान

वडा नं	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा	जम्मा ढलान
समिति बाट मिटरमा	२७५	५७५	२००	७८	३२०	२३४	०	२१०	०	८०	०	१९७२	
ठेक्का वाट मिटरमा	०	०	०	३०००	१६०	०	०	२५०	०	०	०	३४१०	५३८२

सिढी बाटो

वडा नं	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा
लम्बाई मिटरमा	६५	५३०	२२०	४६०	१२०	७२२	४१५	२५०	१६०	४५०	३००	३६९२

रिटेनिङ वाल

वडा न		१	२	३	४	५	६	७	८	९	१०	११	टोटल
रिटेनिंग वाल	घन मिटर मा	१५२	११२	१००	९००	११०	५५	३५	८	३०	२१०	४०	१७५२

ग्रावेलिङ

वडा न	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा
ग्रावेलिङ (मिटर)मा	५८०	०	०	८५	२००	०	०	०	०	०	०	८६५

ग्यविन जाली

वडा न	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा
घन मिटरमा	१२६	५०.५	८०	५०	१२०	०	२७०	२८०	४०	७०	१२०	१२०७

सिँचाई कुलो/ नाला

वडा न	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा
मिटरमा	०	४०.५	५०	५०	१८०	९०	६४	४३	३८०	०	२५०	११४८

आ.व.२०८०/०८१

नयाँ सडक निर्माण

वडा नं	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा
लम्बाई मिटर	०	४१३	०	०	८९०	०	२४००	३७०	७००	०	०	४७७३

सडक ढलान

वडा नं	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा	जम्मा ढलान
लम्बाई (मिटरमा)	५५	४००	३५२	१२७०	३००	१२०	९००	४००	१२४	१००	०	४०२१	५५

सिढी बाटो

वडा नं	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा
लम्बाई मिटर मा	१५०	१५५	३५०	३७०	२००	६७०	५५०	३२३	३१७	५१०	५००	४०९५

रिटेनिङ वाल

वडा न	१	२	३	४	५	६	७	८	९	१०	११	टोटल
रिटेनिंग वाल	१२३	५१	०	५००	९४	१	०	०	०	२२६	५०	१०४५

ग्यविन जाली

वडा न	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा
घन मिटर मा	४८	०	१५०	०	१५२	०	४०	०	१५०	१०४०	१००	१६८०

सिँचाई कुलो/ नाला

वडा न	१	२	३	४	५	६	७	८	९	१०	११	जम्मा
मिटरमा	०	४०.५	५०	५०	१८०	९०	६४	४३	३८०	०	२५०	११४८

किरियापुत्री भवन

वडा नं १- २, वडा नं ४- २, वडा नं ७- १, जम्मा ५ वटा

वडा कार्यालयहरू ४ , ७, ९ र ११ टेन्डर प्रकिया भै कम्पाउण्ड कार्य भईरहेको

NCB मार्फत ११ वटा योजनाको ठेक्का प्रकृया, र सिल कोटेसन २ वटा E-bidding मार्फत भएको ।

वडा न ६ को आफ्नै वडा कार्यालय नभयको हुदा टेन्डर प्रकियामा गई सम्झौता भई निर्माणको चरणमा रहेको ।

खानेपानी

- गाउँपालिकाबाट विनियोजित बजेटबाट वडा न १ देखि १० सम्म ४ वोटा ट्यांकी , ५५ वटा धारा , इन्टेक ५ वटा , कलेक्सन च्याम्बर ४ वटा निर्माण भयको छ र ७५०० मि पाइप वितरण भएको छ ।
- टेन्डर मार्फत ८४ वटा धारा , ८ वटा ट्यांकी , ४००० मि मेन लाइन , ४००० मि शाखा लाइन , २ वटा इन्टेक र २ वटा नै कलेक्सन च्याम्बर निर्माण भएको छ ।

अन्य

- वडा नं १ मा किरियापुत्री भवन / स्तम्भ निर्माण
- वडा नं ४ मा हुलाक देउराली मदिर निर्माण
- वडा नं ५ मा शितला मा.वि.को दुई कोठे भवन निर्माण
- वडा नं ९ मा आर्यघाट निर्माण / क्लब भवन निर्माण
- वडा नं ११ घुर्जुङमा दुई कोठे भवन निर्माण

शिक्षा यूवा तथा खेलकुद

पृष्ठभुमि

शिक्षा देश विकासको मुख्य आधारशिला हो र शिक्षाले नै देशको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने जनशक्ती उत्पादन गर्दछ। शिक्षाकै माध्यमवाट व्यक्ति समाज र राष्ट्रको चौतर्फि विकासका लागि मार्गहरू खुला हुन्छन । देशको आर्थिक, समाजिक, राजनितिक, सांस्कृतिक विकासमा पनि शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

शिक्षाले व्यक्ति, समाज र राष्ट्रलाई आवश्यकता अनुसारका ज्ञान, सिप, क्षमता प्रदान गर्नु पर्ने हुन्छ। त्यस्तै आजको आवश्यकता भुमण्डलिकरणको युगमा सीमित ज्ञान, सिप, क्षमता मात्रै प्रतिस्पधारत्मक समाजमा वाच्न सक्ने नागरीक तयार गर्न कठिन हुन्छ। त्यसका लागि अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्नु पनि शिक्षाको दायित्व हो । त्यसै गरी समृद्ध आधुनिक र न्यायपूर्ण नेपाल निर्माणका लागि आधुनिक चिन्तनवाट दीक्षित र सामजिक रुपान्तरण प्रतिवद्ध नागरीक आवश्यक पर्दछ । रोजगार मुलक जनशक्तिको प्रयोग गरी फराकिलो आर्थिक वृद्धि गर्नु पनि आजको चुनौती सुशासनको प्रवर्धन, सेवा प्रवाहमा प्रभावकारीता, पुर्वाधारको अधिकतम विकास समावेशी समाजको निर्माण गर्ने काम आजको चुनौती हो। सुशासनको प्रर्वद्धन सेवा प्रवाह प्रभावकारीता, पुर्वाधारको अधिकतम विकास, समावेशी समाजको निमार्ण गर्ने काम आज मुलुकको महत्वपूर्ण चुनौतीका रुपमा रहेका छन्। यस्ता अनेकौ चुनौतीका समाना गर्ने कार्य शिक्षाले महत्वपूर्ण खम्वाको रुपमा कार्य गर्न सक्नु परेको छ । अन्नपूर्ण गाउँपालिकाले सामजिक विकासको लागि शिक्षा क्षेत्रमा परिवर्तन गर्दै शैक्षिक गुणस्तर सुधारका लागि सम्पूर्ण शैक्षिक सरोकारवालाहरूको सहयोग र समन्वयमा शैक्षिक गतिविधिहरू अगाडी बढाइरहेको छ।

गाउँ शिक्षा अनुगमन समितिको अनुगमन, शारदा आ वि

१. गाउँ शिक्षा समितिले पूर्णता प्राप्त गरी सक्रियरुपमा शैक्षिक कृयाकलाप सञ्चालन गरिएको।

२. गाउँ शिक्षा अनुगमन समिति गठन भई गाउँपालिकाका सम्पूर्ण विद्यालयको अनुगमन गरी विद्यालयको भौतिक, शैक्षिक, जनशक्ति, विद्यार्थीको अवस्था र विद्यालयको आवश्यकता सहितको विषयलाई समेटेर प्रतिवेदन तयारी गरिएको छ। प्रतिवेदनका आधारमा गाउँपालिकाको

शैक्षिक नीति निर्माण गर्न मद्दत पुग्ने र विद्यालय समायोजन दरवन्दी मिलान गर्दासमेत प्रतिवेदनलाई आधार मानिनेछ ।

१ जहाँ विद्यार्थी त्यहाँ शिक्षक वनाउने गाउँपालिकाको नीति अनुरूप अन्नपूर्ण गा पा वडा नं ११ स्थित श्री धौलाश्री माध्यमिक विद्यालयमा विद्यार्थी संख्या अति न्यून भएकाले विद्यालयमा कार्यरत प्राथमिक तहका १, निम्न माध्यमिक तहका ३ र माध्यमिक तहका शिक्षकहरूलाई दरबन्दी कम भएका र विद्यार्थी संख्या बढी भएका विद्यालयमा काज खटाउने कार्य गरियो ।

